नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
(.....अनुमतिपत्र महाशाखा.....)

४५३४९१९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोस्ट बक्स नं.: २५००७
सानोगौचरण,काठमाडौं, नेपाल

पत्र संख्याः- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ९४60

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/११/१९

विषयः सुपर आँखु खोला जलविद्युत आयोजनाको स्विचयार्ड-बोराङ्ग १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री गोरक्ष हाइड्रोपावर लि.,
काठमाडौं।
सम्पर्क नं.: ०१-४५८२९४५

उपरोक्त सम्बन्धमा तँहाबाट सुपर आँखु खोला जलविद्युत आयोजनाको स्विचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित बोराङ्ग सव-स्टेशनसम्म १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारबाही हुँदा तहाँबाट दरखास्तका साथ प्रमाणित नगरी पेश गरेका कागजातहरु/विवरणहरु प्रमाणित गरि पुनः पेश गर्न तथा तपशिल बमोजिमका नपुग कागजात तथा विवरणहरु प्रमाणित गरि ७(सात) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/११/१७ गतेको निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. प्रवर्द्धक कम्पनीको उद्योग दर्ता प्रमाणपत्र र अघिल्लो आ.व. को कर चुक्ताको प्रमाणित प्रतिलिपि।
२. प्रवर्द्धक कम्पनीको अद्यावधिक शेयर लगत तथा सञ्चालक लगत अभिलेखको प्रमाणित प्रतिलिपि।
३. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइनको १.५ किलोमिटर क्षेत्रभित्रका विद्युत सम्बन्धि अन्य संरचनाहरु भए नभएको विवरण। यदि तेस्तो कुनै संरचना भए सो समेतको विवरण।
४. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाको स्पष्ट देखिने विस्तृत विवरण सहितको (Sending end and receiving end ) प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको Route Alignment ।
५. प्रसारण लाईन सम्पन्न गर्न लाग्ने अनुमानित लागत, कुल अवधि र कार्यतालिका (सर्वेक्षण र निर्माण समेत)।
६. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्यको विवरण।
७. परामर्शदातृ संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(सावित्री धमाला)
इलेक्ट्रिकल इन्जिनियर